**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २३ जनवरी २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**मुख्य समाचार**

- आज नेताजी सुवास चन्द्र बोसको 129 औं जन्मजयन्ति देश विदेशमा पालन गरिंदै छ |

- ऑल इंडिया पुलिस हैंडबॉल क्लस्टर 2025-26 प्रतियोगिता आज पश्चिम बंगालको सिलिगुडीस्थित एसएसबी एफटीआर मुख्यालयमा सम्पन्न भयो। यस अवसरमा सिक्किमका राज्यपाल ओम प्रकाश माथुरले प्रमुख अतिथिको रूपमा उपत्थित हुनुहुन्थ्यो|

- आज बसन्त पञ्चमीको अवसरमा पश्चिम बंगालभरि घरहरु तथा शैक्षिक संस्थाहरूमा सरस्वती पूजा मनाइँदैछ। मुख्यमन्त्री ममता ब्यानर्जीले बसन्त पञ्चमी र सरस्वती पूजाको अवसरमा राज्यवासीहरूलाई शुभकामना दिनुभएको छ।

- पश्चिम बंगालमा विशेष गहन पुनरीक्षण (SIR) को समयमा अनधिकृत पहिचान कागजातहरू स्वीकार गरिएको गुनासोमा भारत निर्वाचन आयोगले कडा अडान लिएको छ।

- **नयाँ कमान एफसी** घैयाबारीमा भईरहेको नगदराशि फुटबल टुर्नामेन्टको फाइनलमा पुग्ने पहिलो टिम बनेको छ।

**नेताजी जन्मजयन्ती**

खरसाङको गिध्द पहाडस्थित नेताजी म्युजियम एंव नेताजी इन्स्टिच्युट फर एसियन स्टडिसमा नेताजी सुभाषचन्द्र बोसको 129 औं जन्म वार्षिकी समारोह सम्पन्न भएको छ। खरसाङ महकुमा सूचना अनि सांस्कृतिक विभाग र नेताजी म्युजियमको संयुक्त आयोजनामा नेताजी सुभाषचन्द्र बोसको 129 औं जन्म वार्षिकी समारोह सम्पन्न भएको छ। उक्त समारोह नेताजी म्युजियमको इन्चार्ज गणेश प्रधानको अध्यक्षता र खरसाङको डेपुटी मेजिस्ट्रेट देवाज्योति बरालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ। कार्यक्रममा विशिष्ट अतिथिको रुपमा पीडब्ल्युडी विभागका सहायक अभियन्ता सञ्जयकुमार रोय, भारत स्काउट एण्ड गाइडका जोगेन्द्र प्रसाद, गोर्खा जनपुस्तकालय खरसाङको उप सभापति कृष्ण पाण्डे, वरिष्ठ सदस्य कुमार मंग्राती आदि उपस्थित रहेका थिए। कार्यक्रममा सूचना अनि सांस्कृतिक विभागको लोक प्रसार प्रकल्पका कलाकारहरुले देशभक्ति गीतहरु प्रस्तुत गरेका थिए। कार्यक्रममा प्रमुख अतिथिको रुपमा उपस्थित डेपुटी म्याजिस्ट्रेट देवाज्योति बराल, विशिष्ट अतिथि एई सञ्जय कुमार रोयले नेताजी सुभाषचन्द्र बोसको विषयमा वक्तव्य राख्नुभएको थियो। कार्यक्रममा नेताजी सुभाषचन्द्र बोसको सालिगमा अतिथिहरुका बाहुलीबाट धुप दीप प्रज्ज्वलन साथै माल्यार्पण गरेर श्रध्दाञ्जली अर्पण गरिएको थियो। कार्यक्रमको अन्त्यमा राष्ट्रिय गान गाएर कार्यक्रम समाप्त गरिएको थियो। उक्त श्रध्दाञ्जली कार्यक्रम नेताजीको जन्मको समय 12 बजेर 15 मिनटमा साइरन बजाएर कार्यक्रम शुरु गरिएको थियो। नेताजी सुभाषचन्द्र बसुको 129 औं जन्म वार्षिकी समारोह विषयमा पत्रकारहरुसित कुराकानी गर्दै नेताजी म्युजियम गिध्द पहाडको इन्चार्ज गणेश प्रधानले विस्तृत रुपमा जानकारी गराउनुभएको छ।

एक रिपोर्ट –

यसै बीच सूचना अनि सांस्कृतिक विभाग पश्चिम बङ्गाल सरकारद्वारा आयोजित १२९औँ नेताजी सुभाष चन्द्र बोस जन्मजयन्तीको अवसरमा दार्जिलिङमा एक कार्यक्रम आयोजित गरेर श्रद्धाञ्जली अर्पण गरिएको छ। विभागीय निर्देशअनुरूप नै उक्त जन्मजयन्ती समारोह मनाइएको हो। विभिन्न देशभक्ति गीत कविता अनि वक्तव्यहरू प्रस्तुत गरेर नेताजी सुभाष चन्द्र बोसले देशप्रति दिनुभएको योगदानको स्मरण गरियो ।

## ऑल इंडिया पुलिस हैंडबॉल क्लस्टर 2025-26

ऑल इंडिया पुलिस हैंडबॉल क्लस्टर 2025-26 प्रतियोगिता आज पश्चिम बंगालको सिलिगुडीस्थित एसएसबी एफटीआर मुख्यालयमा सम्पन्न भयो। ३० राज्यका पुलिस टिम र केन्द्रीय सशस्त्र बल संगठनका खेलाडीहरूले अन्तिम मार्चपास समारोहमा भाग लिएका थिए। सिक्किमका राज्यपाल ओम प्रकाश माथुरले प्रमुख अतिथिको रूपमा सलामी ग्रहण गर्नुभयो। आफ्नो सम्बोधनमा एसएसबीका महानिर्देशक संजय सिंघलले भन्नुभयो, "यो कार्यक्रम केवल एउटा प्रतियोगिता मात्र नभएर केन्द्रीय सशस्त्र बल र राज्य पुलिस संगठनहरू बीच राम्रो समन्वयलाई बढावा दिने उद्देश्यले योजना गरिएको हो। यसले राष्ट्रको एकता र अखण्डता, विविधतामा एकता र सेनाहरू बीच अनुशासनलाई सुदृढ बनाउनेछ।" उहाँले धेरै राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडीहरूले कार्यक्रममा भाग लिएको बताउनुभयो थिए।

( BYTE DG)

कार्यक्रमलाई सम्बोधन गर्नुहुदै श्री ओम प्रकाश माथुरले जम्मू कश्मीरदेखि केरला, गुजरातदेखि अरुणाचल प्रदेशसम्मका विभिन्न फोर्सेजका खेलाडीहरूको एकसाथ आउनु, सँगै बस्नु र खेल्नु, विविधतामा एकता, सांस्कृतिक संयोजन र राष्ट्रिय एकता र अखण्डताको अनुपम उदाहरण भएको बताउनुभयो। उहाँले यस्तो कार्यक्रमहरूले निश्चित रूपमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीको वन इंडिया, खेलो इंडिया र फिट इंडिया अभियानहरूलाई बलियो बनाउने बताउनुभयो।

( BYTE Governor)

यस दोस्रो AIPHC को विषयवस्तु " चलो साथ मिलकर खेले" रहेको थियो। पाँच दिवसीय कार्यक्रममा ३० केन्द्रीय सशस्त्र बल र विभिन्न राज्यका पुलिस बलका ८० टिमका १,४०० भन्दा बढी खेलाडीहरू (पुरुष र महिला) ले ह्यान्डबल र बास्केटबल प्रतियोगितामा भाग लिए।

महिला ह्यान्डबलमा, SSB ले पञ्जाबलाई हराएर च्याम्पियन बन्यो, जबकि पंजाब उपविजेता बन्यो, र BSF र राजस्थान पुलिस तेस्रो स्थानमा हासिल गर्यो।

त्यसैगरी, पुरुष ह्यान्डबलमा, CISF ले पञ्जाबलाई हराएर च्याम्पियन बन्यो। पञ्जाब उपविजेताको रूपमा समाप्त भयो, र SSB र UP पुलिस तेस्रो स्थानमा रह्यो । CISF का मन्दीप उत्कृष्ट खेलाडी घोषित गरियो।

महिला बास्केटबलमा, केरला पुलिसले SSB लाई हराएर च्याम्पियन बन्यो, जबकि UP पुलिस तेस्रो स्थानमा रह्यो।

पुरुष बास्केटबलमा, UP पुलिसले केरला पुलिसलाई हराएर च्याम्पियन बन्यो, पंजाब पुलिस तेस्रो स्थानमा रह्यो।UP पुलिसका हर्ष दुग्गरलाई उत्कृष्ट खेलाडी घोषित गरियो।

समापन समारोहमा ऑल इंडिया पुलिस बोर्डका प्रतिनिधि तथा गुप्तचर ब्यूरो (IB) का विशेष निर्देशक अरविन्द कुमार पनि उपस्थित हुनुहुन्थ्यो। कार्यक्रम असमिया बिहु, भूटिया नृत्य, योगा डेमोंस्ट्रेशन र SSB र BSF डॉग्सहरूद्वारा शानदार प्रदर्शन लगायत सांस्कृतिक प्रस्तुतिहरूका साथ समापन भयो। अन्तमा, SSB पाइप ब्यान्ड टिमले सुन्दर वन्दे मातरम धुन प्रस्तुत गर्यो।

## पश्चिम बंगाल - सरस्वती पूजा

आज बसन्त पञ्चमीको अवसरमा पश्चिम बंगालभरि घरहरु तथा शैक्षिक संस्थाहरूमा सरस्वती पूजा मनाइँदैछ। यस अवसरमा मुख्यमन्त्री ममता व्यनार्जीले सम्पूर्ण रज्यवशीलाई सुभकामना दिनुभएको छ | बाल शिक्षाको सुरुवातको रूपमा देवीको अगाडि " हाते खोरी " नामक विशेष अनुष्ठान गरिन्छ। युवतीहरू साडी लगाएर र युवाहरू परम्परागत धोती-कुर्ता-पाइजामा लगाएर पूजामा भाग लिन विद्यालय र शैक्षिक संस्थाहरूमा जादै छन्। पश्चिम बंगालभरिका मानिसहरू, जात, धर्मको पर्वाह नगरी, पूजामा भाग लिइरहेका छन्। संगीत संस्था, नृत्य विद्यालय र अन्य कला-आधारित संस्थाहरूले पनि देवी सरस्वतीको पूजा गरिरहेका छन्। देवीको आशीर्वाद प्राप्त गर्न पुस्तक र संगीत वाद्ययन्त्रहरू राखिएको छ।

यस अवसरमा आज दार्जीलिङ अनि कालेबुङ जिल्लाको विभिन्न स्थानमा भक्तिभावको साथमा विद्याकी देवी माता सरस्वतीको पुजा अर्चना गरिदैछ। दार्जीलिङ, खरसाङ,मिरिक र कालेबुङ नगरपालिका क्षेत्र लगायत गाउँ बस्तीहरूमा श्रद्धालुहरूले विधिपुर्वक पुजा अर्चना गरिरहेका छन्। बसन्त पञ्चमीका दिन माता सरस्वतीको पुजा गरे विद्या, विवेक बढ्ने जन विश्वास रहेको

छ। आजको दिनलाई लेखपढ गर्न सिक्ने विद्यार्थीहरूका लागि पवित्र दिनको रूपमा लिने गरिन्छ। यसरी नै आजको दिन कुनै पनि नयाँ कार्यको थालनी गरे सफलता प्राप्त गर्ने मान्यता पनि रहेको छ ।

**पश्चिम बंगालमा विशेष गहन पुनरीक्षण (SIR)**

पश्चिम बंगालमा विशेष गहन पुनरीक्षण (SIR) को समयमा अनधिकृत पहिचान कागजातहरू स्वीकार गरिएको गुनासोमा भारत निर्वाचन आयोगले कडा अडान लिएको छ। आयोगले सूक्ष्म पर्यवेक्षकहरू र विशेष रोल पर्यवेक्षकहरूलाई यस्तो कुनै पनि अनियमितताको दैनिक रिपोर्ट सिधै आयोगमा पेश गर्न निर्देशन दिएको छ।
मुख्य निर्वाचन अधिकारीको कार्यालयका स्रोत अनुसार, आयोगले स्पष्ट पारेको छ कि यदि कुनै सूक्ष्म पर्यवेक्षकले सुनुवाइको क्रममा कुनै कागजातको वैधताको सम्बन्धमा निर्वाचन पंजीकरण अधिकारी वा सहायक निर्वाचन पंजीकरण अधिकारीको निर्णयसँग असहमत भएमा, उनीहरूले तुरुन्तै लिखित आपत्ति दर्ता गर्नुपर्छ।

आपत्तिका बाबजुद कागजात स्वीकृत भएमा, विशेष नामावली पर्यवेक्षकको ध्यानाकर्षणमा यो विषय ल्याइनेछ। विशेष नामावली पर्यवेक्षकले सम्बन्धित जिल्ला निर्वाचन अधिकारीलाई आपत्तिहरू पेश गर्नेछन् र तिनीहरूको निर्णयहरूको समीक्षा गर्नेछन्। असहमत भएमा, पूर्ण विवरणहरू मुख्य निर्वाचन अधिकारीको कार्यालय मार्फत भारतको निर्वाचन आयोगमा पठाइनेछ।
आयोगले यो पनि स्पष्ट पारेको छ कि पश्चिम बंगाल माध्यमिक शिक्षा बोर्डद्वारा आयोजित माध्यमिक परीक्षाको प्रवेश पत्रलाई एउटा मात्र पहिचान प्रमाण पत्रको रूपमा स्वीकार गरिने छैन। यो त्यस समय मात्र मान्य हुन्छ जब माध्यमिक परीक्षा उत्तीर्ण प्रमाणपत्रसँग जोडेर पेश गरिनेछ।

स्रोतका अनुसार, दावी र आपत्तिहरूको सुनुवाइको लागि अन्तिम मिति र अन्तिम मतदाता सूची प्रकाशनको मिति बढाउन सकिन्छ। हाल, सुनुवाइ पूरा गर्ने अन्तिम मिति ७ फेब्रुअरी हो, जबकि अन्तिम मतदाता सूची प्रकाशनको मितिको बारेमा अन्तिम निर्णय हुन बाँकी छ।

**भारतीय जनता पार्टीले पश्चिम बंगाल**

भारतीय जनता पार्टीले पश्चिम बंगालमा विशेष गहन पुनरीक्षणको क्रममा वास्तविक मामिलाहरूमा फारम-७ आवेदनहरू स्वीकृत नगरिएको आरोपहरूको सम्बन्धमा एउटा ठूलो कदम चाल्ने निर्णय गरेको छ। पार्टीले त्यस्ता बुथ-स्तरीय अधिकारीहरू, निर्वाचन पंजीकरण अधिकारीहरू, र सहायक निर्वाचन पंजीकरण अधिकारीहरूको पहिचान गर्ने र तिनीहरूको सूची भारतीय निर्वाचन आयोगमा बुझाउने निर्णय गरेको छ।मतदाता सूचीबाट मृत, दोहोरिएका र स्थानान्तरित मतदाताहरूको नाम हटाउन फारम-७ प्रयोग गरिन्छ।भारतीय जनता पार्टी पश्चिम बंगाल राज्य अध्यक्ष र राज्यसभा सदस्य शमिक भट्टाचार्यले आरोप लगाउनुभएको छ कि यो समस्या विशेष गहन पुनरीक्षणको पहिलो चरण अर्थात् गणना चरणको समयमा सुरु भएको थियो। उहाँले दाबी गर्नुभएको छ कि सत्तारूढ तृणमूल कांग्रेसको दबाबमा ठूलो संख्यामा बुथ-स्तरीय अधिकारीहरूले जानीबुझी फारम-७ आवेदनहरू स्वीकार गर्न अस्वीकार गरिरहेको छ।भट्टाचार्य अनुसार, यही कारणले गर्दा मृत, दोहोरिएका र स्थानान्तरित मतदाताहरूको नाम १६ डिसेम्ब मा प्रकाशित मस्यौदा मतदाता सूचीमा रह्यो।

**मजुवा ग्राम**

सिम्कोना तथा बागबानी विभागको प्रबन्धमा उन्नत जातका एप्पलको विरूवा वितरण गरिएको छ। मजुवा ग्राम माथिल्लो भेगलाई लिएर एप्पलको खेति हुने क्षेत्र चिन्हित गर्दै विरूवा वितरण गरिएको हो। समाज सेवीका सित्तल सुब्बाको पहलमा सिम्कोना तथा बागबानी विभागको प्रबन्धमा २ हजार वटा एप्पलको विरूवा वितरण गरिएको हो। मजुवा ग्राम माथिल्लो भेग बतासे, भीर गाउँ, ढाँडगाउँ अनि थापागाउँ ग्रामीण क्षेत्रका कृषकहरूलाई प्रति व्याक्ति २० वटाको दरले ९० जनालाई विरूवा वितरण गरिएको छ। अन्तर्राष्ट्रिय प्रजातिका उक्त एप्पललाई ग्राफ्टिङ गरेर वितरण गरिएको बताइएको छ। यस क्षेत्र मजुवा ग्रामको निम्ति पहिलो परियोजना रहेकोले यहाँको जलवायुमा फस्टाउन सक्ने चिन्हित गर्दै यदि यस परिक्षणमा सफल भए बृहत रूपमा यसको खेति गर्न विभागको पहल हुने थाहा लागेको छ।

**अन्तर्राष्ट्रिय मानवीय पुरस्कार**

अमेरिकी रेडियो रिले लिग (ARRL) ले भारतीय रेडियो सञ्चालक अम्ब्रीश नाग विश्वास, VU2ZFA लाई २०२५ को अन्तर्राष्ट्रिय मानवीय पुरस्कार प्रदान गर्ने घोषणा गरेको छ। यो निर्णय ARRL को गतिविधि र सेवा समितिको सिफारिसमा गरिएको हो। यो पुरस्कार १९८४ मा स्थापित भएको थियो र यसको उद्देश्य विपत्ति, संकट र सामाजिक आवश्यकताको समयमा रेडियो सञ्चार मार्फत निस्वार्थ भावले मानवताको सेवा गर्ने रेडियो सञ्चालकहरूलाई सम्मान गर्नु हो।

## मौसम

सरस्वती पूजाको अवसरमा फेरि एक पटक चिसो बढाएको छ। आज बिहान कोलकाताको न्यूनतम तापक्रम १४.५ डिग्री सेल्सियसमा पुगेको छ। मौसम विभागका अनुसार आज रेकर्ड गरिएको न्यूनतम तापक्रम सामान्यभन्दा ०.४ डिग्री सेल्सियस बढी थियो भने हिज अधिकतम तापक्रम २५.८ डिग्री सेल्सियस थियो। मौसम विभाग अनुसार आगामी तीन दिनमा तापक्रममा कुनै उल्लेखनीय परिवर्तन हुने अपेक्षा गरिएको छैन। हाल, उत्तर र दक्षिण बंगालको कुनै पनि भागमा वर्षाको पूर्वानुमान गरिएको छैन। दिनको समयमा चिसो कम हुनेछ, तर बिहान र बेलुकी हल्का चिसो रहनेछ विभागले जनाएको छ। आगामी दुई दिनमा दक्षिण बंगालका केही भागमा र आगामी चार दिनमा उत्तर बंगालका केही भागमा हल्का देखि मध्यम कुहिरो लाग्ने सम्भावना छ।

## घैयाबारी नगदराशि फुटबल टुर्नामेन्ट

**नयाँ कमान एफसी** घैयाबारीमा भईरहेको नगदराशि फुटबल टुर्नामेन्टको फाइनलमा पुग्ने पहिलो टिम बनेको छ। घैयाबारी स्पोर्टस् वेलफेयर एसोसिएसनको आयोजनामा घैयाबारीको नेताजी हाई स्कूलको खेल मैदानमा गत 3 जनवरीदेखि भईरहेको नगदराशि फुटबल टुर्नामेन्ट अन्तर्गत आज पहिलो सेमी फाइनल म्याच सम्पन्न भएको छ। उक्त म्याच नयाँ कमान एफसी र चाँद एफसीमाझ सम्पन्न भएको छ। यस पहिलो सेमी फाइनल म्याचको पहिलो हाफको शुरुमा नै नयाँ कमान एफसीको तर्फबाट जर्सी नम्बर 6 बीरेन प्रधानले गोल गरेर बढत बनाएका थिए। त्यसको लगत्तै नयाँ कमान एफसीको तर्फबाट जर्सी नम्बर 6 बीरेन प्रधानले नै थप गोल गरेर म्याच 2-0 को बढत बनाएका थिए। पहिलो हाफको खेल 2-0 को अन्तरमा समाप्त भएको थियो। दोस्रो हाफको म्याचमा दुवै टिमले गोल गर्ने निरन्तर प्रयास गरे पनि गोल हुन सकेन अनि निर्धारित समयमा नयाँ कमान एफसीले 2-0 को अन्तरले म्याच जितेर घैयाबारीमा भईरहेको नगदराशि फुटबल टुर्नामेन्टको फाइनलमा पुग्ने पहिलो टिम बनेको छ। यस म्याचमा नयाँ कमान एफसीको जर्सी नम्बर 6 बीरेन प्रधानलाई म्यान अफ् द म्याच घोषित गरिएको छ। अब भोलि शनिवार दोस्रो सेमी फाइनल म्याच मिक्स अप बोइज खरसाङ र रोयल एफसीमाझ सम्पन्न हुने भएको छ।

****** ० ******